# व्यवसायिक बाख्रापालन तालिम



## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## झलारी, कञ्चनपुर

१४-१६ चैत्र २०७८

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड, शाखा कार्यालय झलारी, कञ्चनपुरले ३० जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ चैत्र १४ गतेदेखि १६ गतेसम्म कञ्चनपुर जिल्लाको शुक्लाफाँटा न.पा. १० झलारीमा **"व्यवसायिक बाखा पालन तालिम"** सम्पन्न गरेको छ । जेष्ठ सदस्य शोशिला देवि शाहको सभापतित्वमा सञ्चालन भएको कार्यक्रममा शुक्लाफाँटा नगरपालिका नगर प्रमुख श्री दिल बहादुर ऐरको प्रमुख आतिथ्यता तथा शुक्लाफाँटा नगरपालिका १० नं. वडाका अध्यक्ष श्री लाल बहादुर ऐर, निर्धन उत्थान क्षेत्रीय कार्यालय अत्तरिया, कैलालीका प्रमुख श्री गोकर्ण प्रसाद उपाध्याय, निर्धन उत्थान शाखा कार्यालय महेन्द्रनगर, कञ्चनपुरका प्रमुख श्री शेखर चन्द्र पौडेल, निर्धन उत्थान शाखा कार्यालय झलारी, कञ्चनपुरका प्रमुख श्री राम प्रसाद भुसाल, शुक्लाफाँटा नगरपालिका १० नं. स्थित रेडियो प्रभु F.M. झलारीका समाचार प्रमुख श्री राजेश भुलको आतिथ्यता रहेको थियो ।

उक्त तालिममा शुक्लाफाँटा नगरपालिका पशु बिकास शाखाका भेटेरेनरी अधिकृत श्री राम प्रसाद भट्ट तथा अधिकृत श्री नारायण दत्त भट्टले प्रशिक्षण दिएका थिए भने कार्यक्रमलाई संयोजन तथा उद्घाटन उद्घोषण झलारी शाखाका लेखापाल श्री नव राज अर्यालले गरेका थिए ।



कार्यक्रममा शाखा प्रमुख श्री राम प्रसाद भुसालले तालिमको आवश्यकता, महत्व तथा औचित्यका साथै शाखाको बस्तुस्थिती तथा सामाजिक उत्तरदायित्व अन्तर्गतको बिवरण जानकारी गराउनु भएको थियो । शुक्लाफाँटा नगरपालिका १० नं. वडाका अध्यक्ष श्री लाल बहादुर ऐरले तालिमले सिप बिकास गरि महिला सशक्तीकरण तथा सामाजिक अवस्थालाई माथि उठाउन सहयोग गर्ने विश्वास ब्यक्त गर्नु भएको थियो । क्षेत्रीय प्रमुख श्री गोकर्ण प्रसाद उपाध्यायले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई सदस्यहरु व्यवसाय गरी लघुउद्यमीबाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो । प्रमुख अतिथि श्री दिल बहादुर ऐरले संस्थाले लघुवित्त सेवाको साथसाथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकाश तालिम दिई व्यवसायी बनाई रोजगारी र आयआर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याउने भएकाले लघुवित्त कार्यक्रम प्रति खुशि व्यक्त गर्नु भएको थियो । उक्त तालिमको उद्घाटन सत्रमा प्रमुख अतिथि तथा क्षेत्रीय प्रमुख बाट २०७८ सालको माध्यमिक तहको परीक्षामा शाखामा आवद्ध समूह सदस्यका छोरा/छोरीहरु मध्येबाट सर्वोत्कृष्ट अंक प्राप्त गरेका छात्र भरत राना तथा छात्रा भागरति कामी लाई डा. हरिहरदेव पन्त स्मृति छात्रवृत्ति स्वरुप जनही रु. ६ हजार का दरले नगद तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

तालिममा बाखापालन व्यवसाय एक परिचय, नेपालमा बाखापालनको आवश्यकता, महत्व र वर्तमान स्थिती, बाखाका बिभिन्न जातहरू, खोर निर्माण, ब्रिडिङ, स्वास्थ्य, पाठापाठी हुर्काउने तरिका, रोगी तथा निरोगीको पहिचान, रोगहरू (परजिवि जिबाणु र मेटावोलिक), आहारको महत्व (सन्तुलित आहार बनाउने तरिका, हरियो घाँस व्यवस्थापन), गर्भिणी तथा सुत्केरी माउ बाखाको स्याहार, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरू, परजिवि नियन्त्रणका साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीय जातको बाखापालनको महत्व, कमि कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकहरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागी श्री अमना पार्की तथा श्री उर्मिला रानाले मन्तब्य राखेका थिए । व्यवसायिक रूपमा बाखापालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए ।